Study in EUROPE (Cultural study)
DENMARK
. Schengen VisaMin. cost . NO IELTS/TOEFL
. SLC/+2 can apply . Easy processing
Study in JAPAN निःशुल्क भाषा निःशुल्क प्रोसेसिङ
IELTS/TOEFL CAE class for Alternate of IELTS
JAPANESE LANGUAGE अंग्रेजी भाषा
PLATFORM INT'L EDUCATION
Prithivi Chowk, Pokhara
Ph: 061-541104

राष्ट्रिय दैनिक
गोल्डेन न्यूज
Golden News National Daily

○वर्ष ५ ○अंक ३०९ ○श्रेणी 'क' ○२०७१ भदौ ४ गते बुधबार ○ 20 Aug, 2014 ○पृष्ठ ४ ○मूल्य रू. ३/-

Study & work in JAPAN
Intake: Jan/April...Age bar/Gap NO PROBLEM
सम्पूर्ण खर्च सहित सात लाखमा
❖Free NAT/JLPT classes ❖Pay after visa
❖100% Part Time Job support ❖Full support in Japan
❖+12 & above can apply ❖Scholarship available
❖Translation & Documentation ❖NAT/JLPT not required
❖School & Location of your Choice
❖NAT/JLPT classes are running by language expert
Hurry up limits seat only Cook Visa, Work Visa
NADESHIKO Language Institute
Ranipauwa, barrack gate
(Karmacharya Hardware मा)
977- 61-522668, 9805877868

पोउवासंघभित्र पुरानो सहमतिको खोजी

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ भदौ ।

पोखरा उद्योग वाणिज्य संघको आशन्न महाधिवेशनबाट नेतृत्वमा पुग्नका लागि अध्यक्षका प्रत्यासी विन्दु कुमार थापा र सञ्जीवबहादुर कोइरालाको चुनावी अभियान कास्की जिल्लाको विभिन्न स्थानमा जारी छ । यसपटक थापा र कोइरालाबीच सहमति हुने र अध्यक्ष पदमा निर्विरोध हुने आशा गरेका सदस्य उद्योगी व्यवसायीहरु र्यातिबेला पूर्व सहमतिलाई कार्यान्वयन गर्न र पोउवासंघलाई उद्योगी व्यवसायीको छाता संस्थाको रुपमा विकास गर्न आग्रह गरिरहेका छन् । चुनाव हुने दिन नजिकिदै गएपनि अझैसम्म कोइराला र थापा बीच तथा अधिल्लो पटक सहमतिका लागि प्रयास गरेका अगुवा व्यवसायीहरुले कुनै पहल थालेका छैनन् । यसअघि भएको सहमतिमा कोइराला र थापाबीचको पारिवारिक नाता सम्बन्ध एवं पोउवासंघभित्रको एकता, सदभावलाई समेत ध्यानमा राखि कोइरालालाई अध्यक्ष बनाउने र थापाले दिएको उम्मेदवारी फिर्ता गर्ने उल्लेख भए बमोजिम अन्तिम अवस्थामा थापाले उम्मेदवारी फिर्ता लिएर कोइरालालाई निर्विरोध हुने अवसर दिएका थिए ।

पोउवासंघका सबै जसो पूर्व अध्यक्षहरु र प्रतिष्ठित व्यवसायी एवं लायन्सका अगुवा प्रेमबहादुर श्रेष्ठ समेतको रोहबरमा गत २०६९ साल असोज ११ गते थापा र कोइराला अर्थात ज्वाई र जेठानबीच सहमति भएको थियो । दुवैले हस्ताक्षर गरेको संयुक्त विज्ञप्तिमा-हामी दुई अर्थात विन्दुकुमार थापा र सञ्जिवबहादुर कोइरालाले संघमा निरन्तरता र साधारण सदस्यहरुको आग्रहलाई


पोउवासंघको चुनावका लागि सदस्य व्यवसायीसमक्ष भोट माग्दै हिडेका विन्दुकुमार थापा सहित उनको समूह । तस्वीर : गोल्डेन न्यूज दैनिक

स्वीकार गर्दै संघको एकता र पारिवारिक सौहार्दतालाई समेत ध्यानमा राखि दुईबीचको प्रतिष्पर्धा भन्दा समन्वय र सहकार्यको निरन्तरता फलदायी हुने कुरामा विश्वास व्यक्त गरेको उल्लेख छ । सहमतिपत्रमा कोइराला र थापाले विश्वासको अवस्थामा पुग्न संघका तत्कालिन अध्यक्ष कृष्णमोहन श्रेष्ठका साथै पूर्व अध्यक्षहरु र प्रतिष्ठित व्यवसायी प्रेमबहादुर श्रेष्ठ समेतले अभिभावकत्व र स्नेह प्रदान गरेका कारण उनीहरुमा तथा सम्पूर्ण परिवारजन र शुभेच्छुकहरुको शुभकामनाप्रति आभार समेत व्यक्त गरेको जनाएका छन् । पूर्व अध्यक्ष राजेन्द्र लालचनले संस्थाको गरिमा र प्रतिष्ठा गिर्न नदिन तथा व्यवसायीहरुलाई विभाजित हुन नदिने वातावरण तयार हुनुपर्ने खाँचो औल्याए । अर्का पूर्व अध्यक्ष दीपक श्रेष्ठले पनि २९औं महाधिवेशनमा सहमतिको प्रयास गर्ने हरुले यसपटक पनि सहमति कायम गर्न पहल गर्नुपर्ने बताए ।

उनका अनुसार पूर्व अध्यक्षहरुले नै एक व्यक्ति एक कार्यकालको अवधारणा सार्वजनिक गरेकाले यसपटक पनि सोही मान्यता अनुरुप जिम्मेवारीको बाँडफाड हुनुपर्नेमा जोड दिए । तर पूर्व अध्यक्षहरु तथा प्रतिष्ठित व्यवसायीहरु बसेर मिलाउन पहल गर्न सके हितकर हुने पूर्व अध्यक्ष श्रेष्ठको भनाइ छ ।

दुवै जनाले संघको उद्देश्य प्राप्ति तथा साधारण सदस्यको हक हितको संरक्षणका लागि दुवैजना अघि बढ्ने प्रतिवद्धता व्यक्त गरिएको सहमतिपत्रमा दुई जना उम्मेदवार मध्ये विन्दुकुमार थापाले आफ्नो उम्मेदवारी फिर्ता लिने र संघको व्यापक एकता, प्रतिष्ठाको निरन्तरता र सबैको हक हित संरक्षणका लागि एक अर्कोबीच प्रतिवद्धताको आदान-प्रदान गरिएको थियो । हाल आएर पुरानो सहमतिका कारण कोइरालाले निर्विरोध अध्यक्ष बन्न पाएकोले यसपटक सोही सहमतिलाई मध्यनजर गर्दै थापालाई अध्यक्ष बनाउनुपर्ने आवाज तल्लो तहबाट माथिल्लो तहसम्म उठ्न थालेको छ । थापाको टोली व्यवसायीसंग भोट मार्न जानेक्रममा धेरै जसो सदस्य व्यवसायीले थापालाई निर्विरोध अध्यक्ष बनाइनुपर्नेमा जोड दिएका छन् । यसैक्रममा कतिपय व्यवसायीले चुनाव प्रचारका क्रममा जीत सुनिश्चित भएको भन्दै थापा र उनको समूहलाई खादा लगाएर अग्रिम बधाई समेत दिएका छन् । पोउवासंघ व्यवसायीको साझा संस्था भएकाले एक व्यक्तिले एक कार्यकालको नेतृत्व लिनुपर्नेमा जोड दिएका छन् ।

चुनावी अभियानकाक्रममा व्यवसायीको सम्मानले आफूलाई थप उत्साह थपेको छ' संघका प्रथम उपाध्यक्ष समेत रहेका अध्यक्ष पदका उम्मेदवार थापाले बताए । उनले सञ्जिवबहादुर कोइरालाको कार्यकाल सफल रहनुमा आफ्नो साथ रहेको जानकारी दिदै अबको नेतृत्वका लागि सम्पूर्ण व्यवसायीहरुले आफूलाई पनि साथ दिनेमा ढुक्क रहेको बताए ।

'समृद्ध पोखरा, हाम्रो अभियान' भन्ने मूल नाराका साथ अध्यक्षका प्रत्यासी थापा र सदस्यका १३ जना उम्मेदवारहरु घरदैलोमा पुगि सहयोगको लागि आग्रह गरिरहेका छन् । आगामी भदौ २० र २१ गते संघको ३० महाधिवेशन तथा ६०औं साधारणसभा हुँदै छ । संघका करिव २ हजार ३ सय मतदाता रहेका छन् । थापाको समूहमा वर्तमान कोषाध्यक्ष रविन्सन प्रजुसहित पूर्व उपाध्यक्ष देव क्षेत्री र कार्यसमितिका सदस्यहरु मिनराज काफ्ले, दीलिपराज श्रेष्ठ, विन्दु कोइराला सुवेदी, प्रकाश देव पालिखे, पवन प्रजापति, इन्द्र कुँवर लगायत रहेका छन् । यसैगरि पुष्पराज पराजुली, सीता गुरुङ, गिरीधारी शर्मा र नारायण पौडेल, जनकराज पराजुली र हरिराज पन्त नयाँ उम्मेदवार छन् ।

दौतरीद्वारा बृद्धाश्रमलाई चामल र फलफूल सहयोग

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ भदौ ।

पोखराको चिप्लेढुङ्गामा संचालित दौतरी दोहोरी साँझ एण्ड क्याफे रेष्टुरेण्ट १३ वर्ष पूरा गरी १४औं वर्षमा प्रवेश गरेको छ । दौतरीले आफ्नो वार्षिकोत्सव अवसर पारि मंगलवार पोखरा-१७ सीतापाइला स्थित पोखरा वृद्धाश्रममा फूलफूल तथा नगद वितरण गरेको छ । दोहोरी साँझका कलाकार तथा कर्मचारीको उपस्थितिमा संचालक यामबहादुर गुरुङले पोखरा वृद्धाश्रमका अध्यक्ष वसन्तकेशव पराजुललाई नगद पाँच हजार एक सय पाँच, एक बोरा चामल तथा करिब ४० केजी फलफूल वितरण गरेका हुन् । त्यस अवसरमा बोल्दै उनले वृद्धवृद्धाको आशिर्वाद लागोस् भनेर कलाकार, कर्मचारी तथा व्यवस्थापन मिलेर वृद्धाश्रममा सहयोग गरेको बताए । वृद्धाश्रमका अध्यक्ष वसन्तकेशव पराजुलीले विभिन्न सङ्घसंस्था तथा व्यक्तित्वको सहयोगले नै वृद्धाश्रम


तस्वीर : गोल्डेन न्यूज दैनिक

हालसम्म चल्दै आएको बताए । ६४ जना वृद्धवृद्धाले वृद्धाश्रममा आश्रय लिइरहेका छन् । वृद्धाश्रममा करिब पौने दुई करोडको लागतमा २० कोठे शौचालय, स्नानकक्ष र सुविधासम्पन्न भान्डा च्याम्पसमेत निर्माण भइरहेको जानकारी पराजुलीले दिए । यसैगरी दौतरीले तीन दिने विशेष कार्यक्रम गर्दैछ । भदौ ५, ६ र ७ गतेसम्म तीज विशेष कार्यक्रममा कलाकार राजु गुरुङ, शर्मिला गुरुङ, दुर्गा गुरुङ तथा निशा पोखरेल, काजल गुरुङ, कमला गैरे, निकिता गुरुङ, गोविन्द गुरुङ, सुरज लामिछाने, सुरेश गुरुङ, राजेश गुरुङ, रामकृष्ण गायक, पाण्डव, पारस, विमल र अशोक लगायतका नियमित कलाकारले सांस्कृति प्रस्तुति दिने संचालक गुरुङले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए ।

हार्दिक बधाई


नारायण प्र. पौडेल
अध्यक्ष


सन्तोष अधिकारी
उपाध्यक्ष


लोकराज मण्डारी
सचिव


विकाश शापामगर
सह-सचिव


शिलु वान्तिसे
कोषाध्यक्ष


बलराम भट्टराई
सदस्य


नेत्रप्रसाद सुवेदी
सदस्य


वेदहरि तिमिल्सिना
सदस्य


ऋषिराम दकाल
सदस्य


वेतबहादुर पोखेल
सदस्य


भूमिराज शर्मा
सदस्य

पब्लिक क्याम्पस प्राध्यापक संघ, जनप्रिय एकाईको मिति २०७१/०४/१६ गते सम्पन्न भएको निर्वाचनमा श्री नारायणप्रसाद पौडेलको अध्यक्षतामा निर्विरोध रुपमा चयन हुनुभएकोमा सम्पूर्ण पदाधिकारी तथा सदस्यहरूलाई हार्दिक बधाई ज्ञापन गर्दै उहाँहरूको पूर्ण कार्यकालको सफलताको कामना गर्दछौं ।

वीरञ्जी गौतम (क्याम्पस प्रमुख) तथा
जनप्रिय बहुमुखी क्याम्पस परिवार
पोखरा-८,जनप्रिय मार्ग







■ इमान्दार मानिस ईश्वरको सर्वोत्कृष्ट कृति हो ।
- महाभारत

सम्पादकीय . .

पीडितले राहत पाउँछन् त ?

करिब दुई हप्तादेखि नेपाल भरि आएको बाढी पहिरोले ठूलो जनधनको क्षति भएको छ । बाढी पहिलोमा परि सयौं मानिसहरुले ज्यान गुमाएका छन् भने हजारौं मानिसहरु घरबारविहिन भएका छन् । सिन्धुपाल्चोकको पहिरो लगत्तै देशव्यापी रुपमा बाढी पहिरो सुरु भएको छ । दुई दिन अगाडि परेको अविरल वर्षाका कारण देश भरमा हजारौ भन्दा बढी मानिसहरु घरबारविहिन भएका छन् भने सयौ मानिसहरु हराई रहेको अवस्था छन् । धनुषा र महोत्तरीमा पुल भत्किदा पूर्व पश्चिम राजमार्ग पूर्ण रुपमा अवरुद्ध भएका थिए भने कोशीको ४० वटा ढोका खोल्न बाध्य भएका थिए । कोशीको पुल भत्काउने सम्भावना देखिएपछि कोशीको ४० वटा ढोका खोलिएको थियो । बाढीले पूर्व मेचिदेखि महाकालीको दर्जनौ पुलहरु भत्केका छन् भने हिमाल र पहाडमा दर्जनौ ठाउँमा पहिरो गएर सयौ मानिसहरुको मृत्यु भएका छन् । यसपालिको अविरल वर्षा र पहिरोका कारण नेपालमा अर्बौं अर्बको क्षति र नोक्सान भएका छन् । बाढी पिडीतका लागि सरकार गम्भीर नभएको आरोप सर्वसाधारणको रहेको छ । नेपाल अधिराज्यभरी बाढी पीडितले सर्वसाधारणहरुको उठिबास भएका छन् । खान, लाउन र बस्नका लागि व्यवस्था सरकारले नगरिर्दिएका कारण सर्वसाधारणहरु आक्रोशित बनेका छन् । सिन्धुपाल्चोकको जुरेमा पहिरो खस्दा दुई सय भन्दा बढी मानिसहरुको मृत्यु भएको छ भने हजारौं मानिसहरु घरबारविहिन भएको छन् । सरकार गम्भीर नभएका कारण बाढी पहिरोमा परेका मानिसहरु घर न घाटका भएका छन् । संसदमा विपक्षी तथा सांसदहरुले चर्को आवाज उठाएको भएपनि त्यो अवाज बाढीपीडित समक्ष पुग्न सकेको छैन । बाढीपीडितका देशभर विभिन्न संघसंस्थाहरुले राहत संकलन अभियान तीव्र पारेका छन् । ति संघसंस्थाले संकलन गरेका राहत पीडित समक्ष पुग्छ या पुग्दैन ? त्यो विषयमा पनि सम्बन्धित निकायको ध्यान पुग्न सक्दैन । बाढीपीडितका नाउँमा उठेका करोडौं राहत कुनै एक व्यक्तिको खल्तिमा सीमित हुन पुग्यो भने अहुनो गाँस काटेर सहयोग गर्नुको कुनै अर्थ छैन । यसमा सरकार गम्भीर भन्दै यस्ता अभियान सबैले होइन सरकारको अनुमतिमा जिम्मेवार निकाय र तिनका प्रतिनिधिलेमात्र गर्न जरुरी छ । यसअघि पनि बाढीपीडितका नाउँमा संकलन गरिएका राहत लुकाइएको समाचार बाहिर आएका थिए । यस्तो अवस्थामा फेशनको रुपमा उठाइएका राहत सम्बन्धित पीडितले पाउँछन् भन्नेमा आंशका जतातजै उब्जिएका छन् । यसमा सरकार तथा सरोकारवालाहरु गम्भीर बन्नै पर्दछ । सरकार यस विषयमा सचेत गम्भीर बन्न सकेन भने एउटा नेपालीले अर्को नेपालीको दुःखलाई हेर्न नसकी गाँस काटेर सहयोग गर्नुको कुनै अर्थ छैन ।

आजको पञ्चाङ्ग

आज मिति २०७१ साल भाद्र ४ गते बुधवार, तदनुसार अगस्त २० सन् २०१४, श्रीशाके १९३६, नेपाल संवत् ११३४, प्लवङ्गनामकह संवत्सरह, सूर्य पृथ्वीको दक्षिणी गोलार्द्धमा प्रवेश गरिसकेका छन् । वर्षा ऋतु चल्दै छ । चान्द्रमान अनुसार भाद्रपदकृष्णपक्ष चलिरहेको छ । शौरमान अनुसार आज भाद्रपदकृष्णपक्षको दशमी तिथि १२ घटि ३९ पला अर्थात बिहानमा १० बजेर ४० मिनेटसम्म त्यस उप्रान्त एकादशी तिथि लाग्नेछ । आज सूर्य सिंह राशिमा रहेको छ भने चन्द्रमा मिथुन राशिमा अहोरात्र रहनेछ । आज दिनमा ३२ घटि २७ पलाको रहनेछ । आज सूर्योदय नेपालको काठमाडौं केन्द्रबिन्दुमा रहि बिहान ठीक ५ बजेर ३७ मिनेटमा तुस्तैव मूहर्तमा भैसकेको छ भने सूर्यास्त साँझ ६ बजेर ३६ मिनेटमा हुनेछ ।

आजको राशिफल

मेष : विदेशबाट धन आउन सक्ने, गरेको कार्य सफल, पढाइबाट उत्कृष्ट नतिजा प्राप्त हुनेछ ।

वृष : शारीरिक पीडा थपिने, मानहानी हुन सक्नेछ, आम्दानीका श्रोतहरु घटनेछन्, विशेष मान्छेबाट धोका हुन सक्नेछ

मिथुन : गुमेको धन फेला पर्न सक्नेछ, राजनैतिक सक्रियता बढ्नेछ, समग्रमा दिन शुभ छ ।

कर्कट : गर्न खोजेको कार्य असफल, मनमा तनाव बढ्नेछ, भ्रमण कठिनपूर्ण रहने, बाथ रोगले सताउने छ सतर्क हुनुहोला ।

सिंह : विदेशबाट आफनो मान्छे घरमा फर्कदा नयाँ चहलपहल, राजनैतिक क्षेत्रमा मन जानेछ, सामाजिक सहयोग मिल्ने ।

कन्या : साहित्यिक क्षेत्रमा सक्रियता बढ्ने, प्रेमिकासंग भेटघाट हुन सक्ने, बौद्धिक क्षेत्रबाट लाभ, आम्दानी राम्रो हुने ।

तुला : राजनीतिबाट खुशीका खबर प्राप्त, रमाईलो ठाँउमा भ्रमण, आर्थिक क्षेत्रको सोचाईले आम्दानीमा वृद्धि हुने ।

वृश्चिक : शत्रुहरु सक्रिय हुनेछन्, गरेको कामबाट जस नपाइने, काममा अनाश्यक टकराव खेप्नु पर्ने दिन शुभ रहने छैन ।

धनु : सोचेजति काम गर्न असफल, इष्टमित्रको विरोध झेल्नुपर्नेछ, जागिरबाट धोका हुन सक्ने चनाखो हुनुहोला ।

मकर : व्यारिक कार्य असफल, झगडाको मामिलामा फसिने, स्वास्थ्यमा खराबी, टाढाको भ्रमण नगर्नु वेश हुनेछ ।

कुम्भ : राजनीतिक तनाव हुनेछ, वैवाहिक कार्य असफल हुन सक्ने, नकारात्मक विचारले सताउनेछ ।

मीन : छिमेकीसंग कलह चर्किने, व्यापारबाट नोक्सानी, सामाजिक सम्मान पाउनबाट बञ्चित, दिन खराबछ ।

राशिफल लेखक : युवा ज्योतिषी हरि पन्त, मो.९८४६१४७३६९

फोटोग्राफी दिवसको अवसरमा प्रभातफेरी

पोखरा ३ भदौ ।(गोल्डेन)

पोखरा फोटोग्राफर संघ पोखरा नेपालले विश्व फोटोग्राफी दिवसको अवसर पारेर मंगलवार प्रभात फेरी ञ्याली निकालेको छ । प्रभातफेरी ञ्याली पोखराको मानवअधिकार चोकबाट शुरु भई चिप्लेढुङ्गा, महेन्द्रपुल परिक्रममा गरी पोखरा फोटोग्राफर संघको भवन टुङ्गोमा पाटनमा गएर समापन भएको थियो । त्यसै अवसरमा पोखरा फोटो ग्राफर संघले आयोजना गरेको दैनिक जनजीवनमा आधारित फोटो प्रतियोगितामा भाग लिएकामध्ये उत्कृष्टको नाम पनि सार्वजनिक गरेको छ । प्रतियोगितामा दुर्गासिं थापा, विवश अधिकारी र नविनराज पौडेलको फोटो सर्वोकृष्ट भएका छन् । उनीहरुलाई स्टोना रेज मोबाईल सर्वोकृष्ट फोटो पुरस्कार, टुईन्स डिजिटल सर्वोकृष्ट फोटो पुरस्कार र कैलाश सहकारी फ्रेम उद्योग सर्वोकृष्ट फोटो पुरस्कार प्रदान गरिने भएको छ । त्यसै गरी उक्त अवसरमा उत्कृष्ट सातको पनि घोषणा गरिएको थियो । जसमा जनकराज तिवारी, अर्जुन कुँवर, महेन्द्रराज बराल, चन्द्रप्रकाश पोखेल, रामचन्द्र पोखेल, दिपक त्रिपाठी र पूर्णकुमारी थापाको फोटो उत्कृष्ट सातमा परेका छन् । उनीहरुलाई संसार कलर ल्याब, पोखरा कलर ल्याब, अलिमिया लोक वाडमय, सिद्धि सेतुली स्मृति, न्यू मनकामना स्टोर्स, शाक्य भण्डार र पोखरा रोयल सहकारी पुरस्कारबाट पुरस्कृत गरिने भएको छ । त्यस्तै गरि प्रतियोगितावाट ४० वटा फोटो पनि छनोट गरिएको संघका अधयक्ष दुर्गाप्रसाद पौडेलले जानकारी दिएका छन् । प्रतियोगितामा ३८ जनाका ७६ वटा फोटा समावेश भएका थिए । प्रतियोगितामा सर्वोकृष्ट, उत्कृष्ट र छनोटमा परेका गरी ५० वटा फोटो संघको साधारण सभामा प्रदर्शन गरिने भएको छ । पुरस्कार पोखरा फोटोग्राफर संघको भदौ २८ गते हुने ३३ औं साधारण सभामा वितरण गरिने संघले जानकारी दिएको छ ।

कार्यक्रममा राष्ट्रिय फोटो पत्रकार समूह नेपालका केन्द्रिय सदस्य राम गुरुङ, राष्ट्रिय फोटो पत्रकार समूह कास्कीका अध्यक्ष कृष्णमणी बराल, पोखरा फोटोग्राफर संघ पोखरा नेपालका निर्वतमान अध्यक्ष रमेश सापकोटा, कार्यक्रम संयोजक जिवन दुइगानाले बोलेका थिए । पोखरा फोटोग्राफर संघ पोखरा नेपालका अध्यक्ष दुर्गाप्रसाद पौडेलको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा प्रथम उपाध्यक्ष शिवहरी अधिकारीले स्वागत र सहसचिव रवि दाहालले कार्यक्रम सञ्चालन गरेका थिए ।

टप्स स्कूलमा बज्राचार्यको सम्झना

पोखरा ३ भदौ ।(गोल्डेन)

पोखराको रामघाटस्थित टप्स उच्च मावमिा क्रियाशील टप्स सिर्जनशील समूहले गायक एवम् सङ्गीतकार सरोजगोपाल बज्राचार्यको सम्झनामा मङ्गलवार एक कार्यक्रम गरेको छ । समूहले विद्यालयका शुभचिन्तक एवम् नेपाली सङ्गीत क्षेत्रका महत्त्वपूर्ण व्यक्ति भएको भन्दै सरोजगोपालको योगदानको चर्चा गरिएको हो । गायक बज्राचार्यका बाल सखा समेत रहेका विद्यालयका प्राचार्य रत्नमान गुरुङले बज्राचार्यको योगदानको चर्चा गर्दै उहाँ निकै मिलनसार व्यक्ति भएको सम्झना गरे । उनले सरोजगोपाल टप्सको शुभेच्छुक रहेको भन्दै निधन हुनुभन्दा केही दिनअघि मात्र आएर विद्यालयको प्रगति देखेर खुसी प्रकट गरेको सम्झना गरेका थिए । त्यस्तै, साहित्य विभागका संयोजक रुपिन्द्र प्रभाबीले सरोजगोपालले नेपाली सङ्गीतलाई सम्मानित बनाउन महत्त्वपूर्ण योगदान दिएको बताए ।

बाढीपीडितलाई सहयोग गर्न अग्रह

गोल्डेन न्युज संवाददाता
पोखरा ३ भदौ ।(गोल्डेन)

नेपाल रेडक्रस सोसाइटी, कास्की जिल्ला शाखाले नेपालका विभिन्न जिल्लाहरुमा गएका विपदवाट प्रभावितहरुको लागि राहत संकलन गर्नको लागि आह्वान गरेको छ । उक्त आह्वान अनुसार हालसम्म नेपाल रेडक्रस सोसाइटी पोखरा १२/१३ उपशाखाले ३३ हजार सात सय ९९, कुस्ती उपशाखाले दुई हजार पाँच, नेपाल जुनियर रेडक्रस सर्कल कञ्चनजंघा एकेडेमीक सेन्टर लेखनाथ शिशुवाले तीन हजार र नेपाल जुनियर रेडक्रस सर्कल हार्वड एकेडेमी पोखरा १५ ले ६ हजार ९१ गरि ४४ हजार, ८ सय १५ रुपैयाँ संकलन गर्न सफल भएका छन् । साथै उक्त रकम विभिन्न समयमा कार्यक्रम गरि नेपाल रेडक्रस सोसाइटी कास्की जिल्ला शाखालाई हस्तान्तरण समेत गरेका छन् । कास्की जिल्ला शाखाका विपद् व्यवस्थापन समितिका संयोजक तथा कास्की रेडक्रसका उपसभापति डण्डराज शर्माले अभियानमार्फत संकलित रकम यथासक्य छिटो नेपाल रेडक्रस मार्फत सम्बन्धीत क्षेत्रमा पठाउने व्यवस्था गर्ने जानकारी दिए ।

आयुर्वेद शिक्षा कार्यक्रम सम्पन्न

पोखरा ३ भदौ ।(गोल्डेन)

गण्डकी अञ्चल आयुर्वेद औषधालयले पोखराको अमरसिंह उच्च माविमा आयुर्वेद शिक्षा कार्यक्रम सम्पन्न गरेको छ । कक्षा १० का ४० जना विद्यार्थीलाई औषधालयले आयुर्वेद स्वास्थ्य, सेवा लिदा ध्यान दिनुपर्ने कुराहरु, नेपालमा आयुर्वेद शिक्षाको इतिहास र अवस्थाको बारेमा जानकारी दिइएको थियो । औषधालयका कार्यालय प्रमुख डा. शुभद्रा कार्की, औषधालयका कविराज निरीक्षक शरद आचार्य र शिशुवा आयुर्वेद औषधालयका कविराज निरीक्षक नविन किरण भुपालले विद्यार्थीलाई आयुर्वेद शिक्षाको बारेमा जानकारी दिएका थिए । पशिक्षणमा आयुर्वेदको नेपालमा उच्च तहको पढाई, गुणस्तरीय आयुर्वेद सेवा कसरी प्राप्त गर्ने लगायतका विषयलाई समेटिएको थियो । उमाविका स्वास्थ्य शिक्षक राजेन्द्र बस्ताकोटीले यस्ता सिकाई कार्यक्रमले विद्यार्थीको स्वास्थ्य सम्बन्धी ज्ञानलाई फराकिलो पार्ने बताए । उनले यस्ता कार्यक्रमलाई विद्यालयस्तरमा अझ प्रभावकारी बनाउनुपर्नेमा जोड दिएका थिए ।

औषधालयले विभागबाट प्राप्त हुने यस्ता कार्यक्रमलाई आगामी दिनमा पनि विद्यालयको सहकार्यमा निरन्तरता तथा व्यापकता दिने जनाएको छ ।

सुवर्ण अवसर । सुवर्ण अवसर । सुवर्ण अवसर ।
के तपाईलाई सुन्नमा समस्या छ ?
काठमाडौंका वरिष्ठ नाक, कान, घाँटी विशेषज्ञ
डा. प्रेमल कुमार जोशी र
श्रवण विशेषज्ञ टोली द्वारा कानको श्रवण परिक्षण तथा परामर्श गरिदैछ ।
उपलब्ध सेवाहरू:
- कम्प्यूटराइज्ड प्रविधिद्वारा श्रवण परिक्षण
- श्रवण यन्त्रमा विशेष छूटको व्यवस्था
Audio Service
"कान तथा श्रवण परिक्षण"
मिति: २०७१ भाद्र ६ र ७ गते
अग्रिम नाम दर्ता गराउनु होला ।
नेपाल हियरिङ्ग एण्ड डिभाइस केयर सेन्टर प्रा. लि.
थापा कम्प्लेक्स, सभागृहचोक, पोखरा (सभागृह हलभन्दा चार घर तल)
फोन नं. : ०६१-५३६९३९, ९८४६५०५५५९, ९८५१०५५०५८, ९८४६२६०९३३

हार्दिक समवेदना



जन्म: २०४७/०८/१२ गते

स्वर्गारोहरण: २०७१/०४/२७ गते

स्व. अमृता गायक

यस पोखरा उपमहानगरपालिका कार्यालयका कर्मचारी सानो काले गायकको छोरी **अमृता गायक**को मिति २०७१/०४/२७ गतेका दिन असामयिक निधनले हामी अत्यन्तै मर्माहत बनेका छौं । उहाँको निधन भएको यस दुःखद् घडिमा दिवंगत आत्माको चिर शन्तिको कामना गर्दै **हार्दिक श्रद्धाञ्जली** अर्पण गर्दछौं । साथै शोक सन्तप्त परिवारजनमा धैर्य धारण गर्न शक्ति ईश्वरले प्रदान गरुन भनि **हार्दिक समवेदना** व्यक्त गर्दछौं ।

झलकराम अधिकारी
कार्यकारी अधिकृत एवं
पोखरा उपमहानगरपालिका कार्यालय कर्मचारी परिवार

हिमाली बाल कल्याण संरक्षण मञ्चको सहयोगमा
स्टार्स मन्टेश्वरी छैटौं वर्ष प्रवेशको उपलक्षमा
निशुल्क ३ महिने मन्टेश्वरी डिप्लोमा तालिम
रु ३०,००० को कोर्ष सित्तैमा
→ पश्चिमाञ्चलकै पहिलो मन्टेश्वरी टिचर्स ट्रेनर जानकी खड्का सोमया अन्य चर्चित प्रशिक्षकहरुबाट अध्यापन गराइने ।
→ तलिम पश्चात नेपाल सरकारबाट मान्यता प्राप्त प्रमाण पत्र
→ उत्कृष्ट प्रशिक्षार्थीहरुलाई रोजगारीको अवसर
फर्म भर्ने अन्तिम मिति यहि भाद्र ६ गतेसम्म
स्टार्स मन्टेश्वरी एकेडेमी
पालिखाचोक
फोन : ०६१५२४१२५, ९८४६०२८९७८

STUDY IN JAPAN
Janaury/April Intake: 2015
❖ 100% Visa Success in July
❖ Nat/ JLPT not Necessary
❖ जापानमै पढेर आउनुभएका शिक्षकबाट Audio र video को माध्यमबाट पढाइ ।
❖ जापानमै आफ्नो अफिस र होस्टेल भएको ।
❖ College of your Choice.
❖ कलेजले नै हप्ताको २८ घण्टा काम खोजिदिने ।
❖ Free Language & Documentation.
❖ Study gap no Problem.
स्थान: JLCC Japanese Language & Culture Center
Chipledhunga Pokhara
Sunaulo FM Building
Ph.: 061-535738 / 9846042399

चाया, पोतो र डण्डिफोर Bye Bye
चाया, पोतो, डण्डिफोर र मखियालाई एक हप्तामा नै हटाइनुका साथै ओरोपना बढाइने
यही Orginal Korean Cosmetic Product पाइन्छ ।
साथमा मोटोपन घटाउने र बढाउने पनि ।
कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
सेतो कपालालाई ५ मिनेटमा नै कालो बनाउने
महिनामा ने १-३ इन्च हाइट बढाउने Step-up.
चाउरिपना हटाउने
पिनासका लागि सफल उपचार ।
Skin Test गरिन्छ ।
घाड, कोमर, हात खुट्टाका जोर्पाहरुको इखाइ कम गर्ने
म्याष्ट्रिक उपचार
Breast घटाउने बढाउने...पेटमा भएको सेतो धर्सा हटाउने ।
यहाँ नदिइ जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।
नेपालकै न. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।
बिहानी ब्युटी ट्रेडर्स
चिप्लेढुङ्गा, पोखरा-४, फोन: ९८४६१५४१८८, ०६१-५२४५५४
(मल्ल इम्पोरियमको अगाडि डा कम्लेक्स भन्दा दुई घर तल)

कर्मचारी आवश्यकता
Good Will Electronics
चिप्लेढुङ्गाको लागि एक पुरुष र एक महिला सेल्स मेनको आवश्यकता परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क राख्नुहोला ।
नोट: एक वर्ष सेल्स मेन भएर काम गरेको लागि विशेष प्राथमिकता
सम्पर्क : ०६१-५३०७६४

तुरुन्त खानेपानी चाहिएमा
मेनेजर: ९८४६५२४७०७
अफिस: ०६१-४६६४७९
ट्याङ्कर: ९८४६५२४७०८
मिनरल वाटर: ९८४६५२४७०६
जारपानी: ९८४६५२४७०५
डीप रक वाटर सप्लायर्स
मितेरी गार्डे-१५, पोखरा

राहदानी हरायो
मिति २०७१/०१/२७ गते लमजुङबाट काठमाडौं आउने क्रममा निम्न व्यहोरा भएको राहदानी हराएको हुँदा फेला पार्नुहुने महान् भावले नजिकको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनुहुन अनुरोध गर्दछु ।
नाम : किरण सेडाई
ठेगाना : धमिलीकुवा-३, लमजुङ
राहदानी नं. : ३१९१४३८
सम्पर्क : ९८४६१५५७२४

Work in Germany
- Only for Girls
- Age bar 18-27
- 2 months Language
- SLC pass can go
A1, A2 & B1
Language classes are running
TEA Overseas Pvt. Ltd. PVT.LTD
CONTACT: 061523357, 9856033215

खानेपानी चाहिएमा
मिनरल वाटर र जार पानी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोला ।
सम्पर्क
भद्रकाली सप्लायर्स
काहुंखोलाचोक, आर्बा-१, फोन : ०६१-५३९०६० ९८५६०३७६६६

नि:शुल्क कम्प्युटर तालिम
यस Green plus को सहयोगमा Informatics & High Mount computer इन्स्टिच्युटमा नि:शुल्क कम्प्युटर शिक्षा संचालन भैरहेको छ । (छनोटमा नपरेकालाई ६० प्रतिशत छुट दिइएको छ ।
Informatics computer
सुजनाचोक, पोखरा-८
061-229471(UTL), 9846041617
High Mount computer
विन्धवासिनी, पोखरा-२
061-527435, 9846566480

भूकम्पीय सुरक्षाका लागि पोखरामा विद्यार्थी मैत्री भेला

गोल्डेन न्यूज संवाददाता
पोखरा ३ भदौ ।

भाद्र १ देखि पोखरामा सुरु भएको तीन दिने भूकम्पीय सुरक्षाका लागि विद्यार्थी मैत्री भेला सम्पन्न भएको छ । भूकम्प लगायतका प्रकोपबाट कसरी सुरक्षित रहन सकिन्छ भन्ने विषयमा भेलाबाट हासिल भएका शैद्धान्तिक एवम् व्यवहारिक ज्ञान, सीप र तौरतरिकाहरु आफ्नो र वरपरका विद्यालय तथा समुदायमा फैलाउने प्रतिवद्धताका साथ तिन दिने भेला सम्पन्न भएको हो ।

भेलामा जोखिम न्यूनीकरणका विविध आयामका साथै अपाङ्गता भएका विद्यार्थीहरुको पनि सहभागिता रहेको थियो । विपद् जोखिम न्यूनिकरण लाई मूल विषय बनाएर जलवायु परिवर्तन अनुकूल एवम् वातावरण संरक्षणजस्ता विषयमा समेत सिक्ने,बुझ्ने र विचार आदान प्रदान गर्ने अवसर यस भेलाले जुटाएको मुख्य



आयोजक संस्था शिक्षा विभाग र भूकम्प प्रविधि राष्ट्रिय समाज नेपालले जनाएका छन । भेलामा नेपालका विभिन्न ३० जिल्लाका ६० विद्यालयका ७० जना र जापानको माइको हाइस्कूलका ५ जना विद्यार्थिहरुको सक्रिय सहभागिता रहेको थियो । यसैगरी भेलामा शिक्षक,सरोकारवाला निकाएका प्रतिनिधिहरु,भूकम्प विदहरुको पनी उपस्थिती रहेको थियो । तीन दिने मैत्री भेलाको सुरुवाद भूकम्पीय सचेतना रयालीबाट भएको थियो भने, यस बीचमा पोखराको अर्मलामा स्थलगत भ्रमण, भूकम्पीय सुरक्षा सम्बन्धी प्रशिक्षण, भूकम्पीय सुरक्षा अभ्यास, प्राथमिक उपचार, मैत्रीपूर्ण फुटबल, चित्रकला,मेहेन्दी लगाउने प्रतियोगिता, वक्तृत्व कला र कविता लेखन जस्ता रचनात्मक गतिविधि सम्पन्न भएका छन ।

यसैगरी भेलाको तेस्रो दिनमा ६ वटा समूहमा विभाजित विद्यार्थीहरुले अर्मला क्षेत्रमा गरेको अवलोकन पश्चात प्राप्त विविध जानकारीहरुलाई कार्यपत्रको रुपमा प्रस्तुत गरेका थिए । जापानका विद्यार्थीहरुले विशेष गरेर सन् १९९५ मा जापानको कोबेमा गएको भूकम्पको क्षति र पूर्वतयारी तथा सन् २०११ मा गएको सुनामीका बारेमा कार्यपत्र प्रस्तुत गरेका थिए । सम्मेलनमा सहभागी विद्यार्थी र शिक्षकहरुले एक आपसमा विपद् जोखिम न्यूनिकरण सम्बन्धी ज्ञान एवम् अनुभवहरु आदान प्रदान गरेका थिए । यो नवौ मैत्री भेलामा यसपटक अपाङ्गता र विपद जोखिम व्यवस्थापनलाइ छलफलको मुल विषय बनाइएको थियो । यस किसिमको भूकम्पीय सुरक्षा सम्बन्धी विद्यार्थीहरुको मैत्रीपूर्ण भेला सन् २००१ देखि आठ पटकसम्म नेपालका विभिन्न क्षेत्रमा आयोजना गरिसकिएको छ । मैत्री भेलाले पारस्परिक समझदारी,विचार विनिमय र उन्नत आत्मविश्वास मार्फत हाम्रा मुलुक र क्षेत्रीय स्तरमा समेत भूकम्प सुरक्षाको विद्यमान अवस्थामा उल्लेख्य सुधार आउने विश्वास लिइएको छ ।

कास्कीलाई साक्षर जिल्ला घोषणा गर्ने तयारी

पोखरा ३ भदौ ।(गोल्डेन)

जिल्ला शिक्षा कार्यालय कास्कीले चालु आर्थिक वर्षको फागुन मसान्तसम्ममा कास्की जिल्लालाई साक्षर जिल्ला घोषणा गर्ने तयारीमा जुटेको छ । साक्षर जिल्ला बनाउने कार्यमा सहयोग गर्न शिक्षा कार्यालयले सम्बद्ध सरोकारवाला निकायहरुसँग आग्रह गरेको छ । जिल्लाका हरेक गाविस र नगरपालिकाका वडा सचिवहरुको भेला गराएर शिक्षा कार्यालयले आ आफ्नो ठाउमा सम्बद्ध पक्षलाई राखेर काम सुरु गर्न निर्देशन दिएको छ ।

१५ देखि ६० वर्ष भित्रका ९५ प्रतिशत मानिस साक्षर भएमा जिल्लालाई साक्षर जिल्ला घोषणा गर्न सकिने सरकारी नीति रहेको छ । करिब ५ लाख जनसंख्या रहेको कास्कीमा अहिले ११ हजार २० जना अझै निरक्षर रहेको जिल्ला शिक्षा कार्यालयले दिएको तथ्याङ्कमा उल्लेख छ ।

जिल्लालाई साक्षर जिल्ला बनाउनका लागि २०६७ मा घरधुरी सर्भेक्षणबाट निरक्षर प्रौढहरुको तथ्याङ्क संकलन गरि जिल्ला शिक्षा समितिले प्रौढ कक्षा संचालन गर्दै आएको छ ।

आर्थिक वर्ष २०६७/०६८मा महिला २५ हजार एक र पुरुष आठहजार ५ सय ६७ गरि ३३ हजार ६ सय ७५ निरक्षर रहेकोमा आर्थिक वर्ष २०७०/०७१मा आईपुग्दा ११ हजार २० जना रहेको सहाएक जिल्ला शिक्षा अधिकारी गगनसिंह थापाले गोल्डेन न्यूज दैनिकलाई जानकारी दिए । ४३ गाविस र उपहानगरपालिका सहित दुई नगरपालिका रहेको कास्कीमा हेम्जा, सिद्ध, रिभान, घाचोक, भलाम, माझठाना, सार्दिखोला गरि सात गाविस र पोखरा उपमहानगर पालिकाको १६ नंवर वडा यस अघिनै साक्षर घोषणा भईसकेको छन् । कास्कीका जिल्ला शिक्षा अधिकारी अम्बिका प्रसाद आचार्यले बताए ।

अभिनाशको सम्झना

पोखरा ३ भदौ ।(गोल्डेन)

गत २०७० भाद्र तीन गते दुर्घटनामा परि निधन भएका अविनास कुमालको स्मृतिमा लेखनाथको शिशुबामा रहेको कञ्चनजङ्गा एकेडेमी सेन्टरले विविध कार्यक्रमहरुको आयोजना गरेको छ । विद्यालयमा पढने कुमाल जातिहरुलाई लक्षित गरी कार्यक्रमहरु गरिएको विद्यालयले जानकारी दिएको छ । कार्यक्रममा बोल्दै विद्यालयका प्रधानाध्यापक सन्दिप अधिकारीले मृत आत्माको चीरशान्तिको कामना गरे ।

हार्दिक बधाई



श्री नवराज सुवेदी

हाम्रा हंसपुर थुम्की पोखरा सम्पर्क समाजका अध्यक्ष, पोखराका अग्रज पत्रकार एवं फेवा पोष्ट साप्ताहिकका सम्पादक/प्रकाशक **नवराज सुवेदी**ज्यु बालकृष्ण उपतारा स्मृति पत्रकारिता पुरस्कार-२०७१ बाट सम्मानित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँको उत्तरोत्तर प्रगति एवं उज्जवल भविष्यको कामना गर्दछौं ।

हंसपुर थुम्की पोखरा सम्पर्क समाज परिवार

FIRST TIME IN NEPAL, FIRST TIME IN POKHARA

➪**यौन पुरुष** : लिङ्गको साइज बढाउन, यौन क्षमता बढाउन, मार्दवी, दिलापन, देढापन, हटाउन, **पुरा सुहाग रात पक्काउन.** Herbal Livetra, Hormotex, Maxman.

महिला : स्तन चाहेजति विकास गर्न, घटाउन, टाइट गर्न
गुप्ताङ्ग- Teenager जस्तो कसिलो बनाउन
चिरा-पेट र स्तनमा हुने सेतो धर्सा हटाउन

➪केश झर्न तुरुन्नै रोकी उमार्ने हेयर टनिक मात्र ५००।-
➪मुहार चम्काउने 'रूप अमृत (Indian) मात्र १०५०।-
➪उचाइ बढाउन **Step up** (नबढे पैसा फिर्ता)
➪तौल बढाउने आयुर्वेदिक अचुक औषधि मात्र १५००/-
(महिनामा ७-१० Kg बढाउने)
➪**थाहै नदिई ३ दिनमै जाँड रक्सीको कुलत हटाउन**
➪तौल घटाउने जापनिज deit मात्र २५००।-
➪दाह तथा जोनी दुखाइ ठीक पार्ने सन्धीसुधा, पेनलिस

✱ **तौल घटाउन Slim 24 pro**

पोखरा हर्बल होम्स
(भाटभटेनीको अगाडि)
न्यूरोड, पोखरा
061-539070, 9846053817, 9804122919

नयाँ र पुराना कम्प्युटरहरू खरिद बिक्री गर्नुपरेमा

के तपाईसंग पुराना कम्प्युटरहरू छन् ?
पुरानो कम्प्युटर र ल्यापटप ल्याउनुहोस र नयाँ लैजानुहोस यसका साथै हामीकहाँ कम्प्युटर मर्मत तथा नयाँ पुराना कम्प्युटरहरू किनबेच गरिन्छ ।

नोट : पोखरा भ्याली भित्र होम सर्भिसको व्यवस्था छ ।

Online Computer Institute
न्यूरोड ४, पोखरा (नगरपालिकाको कार्यालय पछाडि)
सम्पर्क : ९८४६६१७२२७, ९८०२८३३२४२

के तपाईंमा यौनसम्बन्धी समस्या छ ?

पुरुषमा देखिने : शीघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चाहना नहुने, उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरुवा यौन रोग, स्वप्नदोष ।

महिलाहरूमा देखिने : स्तन सानो भिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, यौन सन्तुष्टिमा कमी हुने, महिलावारीमा गढबढी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, इण्डिफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरू, दुबी, सेतो दुबीका साथै अन्य चर्मरोगहरू ।

महिला वा पुरुषमा हुने (बाँझोपना) नि:सन्तानको सफल उपचार
मलद्वार सम्बन्धी रोग : फास्त्रद्वारा पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुःख्ने, पोल्ने, दिसासंग रगत बग्ने आदि समस्याको सफल उपचार ।

बिरामी जाँच्ने समय : बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि.
नयाँबजार, पोखरा (पुरानो कर कार्यालय नजिक) मागदर्शन एकेडेमीको ठीक अगाडि
फोन: ०६१-५३९१४४, ९८४६०४११३९, ९८०४१०२५३१
नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला ।

अनेक समस्या सफल उपचार

ग्याष्ट्रिक: खाना रुचि नहुने, अमिलो पानी आउने, भूसिल ढकार आउने जस्तो सुकै पुरानो ग्याष्ट्रिकको सफल उपचार ।
यौन समस्या: सिघ्र स्खलन, उत्तेजना नहुने, लिङ्ग चिलाउने, स्वप्न दोष जस्तो सुकै यौन समस्याको सफल उपचार ।
महिला सम्बन्धि समस्या
महिनामारी गडबढी, सेतोपानी बग्ने, योनी चिलाउने, तल्लो पेट ढाड कम्मर दुखे, पेट तथा छातीमा भएको सेतो धर्सा हटाउने, स्तन बढाउने तथा घटाउने तथा टाईट गर्ने, यौन चाहानामा कमी हुने जस्तो सुकै समस्याको आयुर्वेदिक पद्दतिबाट सफल उपचार ।
जाँड रक्सी थाहा नदिई केहि दिनमै छुटाउने
सुन्दरता:- कालो चाया पोतो, इण्डिफोर, दाग धब्बा, मखिया, कोठी, चाउरीपन हटाई पुरै शरिर गोरो बनाउने ।
दुलही जानलो शरिरको तौल घटाउने साथै मोटो पन घटाइने ।
थप उपचार:- प्रेसर, सुगर, जण्डिस, पिलास, पाइल्स, इम साबै बाथ, ढाड कम्मर, हाड जोर्नी पुरै शरिर दुःखाई ठिक पार्ने मसाज तेल ।
शितल आयुर्वेद फर्मा
पृथ्वीचोक, पोखरा, मुक्तिनाथ विकास बैंकको अगाडि पोखरा इलेक्ट्रोनिक्स भवन भित्र
फ्री होम डेलिभरि
फोन नं.०६१-५३१८६७, ०६-१२२५४५८, मो. ९८४६१३७४१८

विदेश जानेहरूका लागि सुवर्ण अवसर

दुबई र कतारको Group-4 Security कम्पनीहरुमा जान चाहनेहरुलाई यस प्रा.लि.बाट अन्तर्राष्ट्रिय स्तरको सेक्युरिटी गाई तालिम र अंग्रेजी भाषाको तयारी कक्षाहरु निःशुल्क संचालन भैरहेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

हाम्रा विशेषताहरु :-
☞ शतप्रतिशत उत्तीर्ण गराउन सफल
☞ आफ्नै मेनपावर कम्पनीबाट प्रोसेस गराईने ।
☞ १ वर्षमा ३ सय भन्दा बढी सेक्युरिटी गाईमा पास गराउन सफल

अन्तरवार्ता अाइरहेको छ ।

सम्पर्क **फेवा सेक्युरिटी एण्ड क्लर सर्भिसेज प्रा.लि.**
पृथ्वीचोकबाट १०० मिटर तल (एयरपोर्ट जाने बाटो)
मुक्तिनाथ विकास बैंकको अगाडि, पोखरा बिजनेस कम्प्लेक्स सेटर नं. ३०, फोन:- ०६१-५२०५२१, मो. ९८४६०-४१४९२

"रंगहरूको अन्तिम गन्तव्य"
आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झनै पर्ने पसल
योर्स ट्रेड कन्सर्न
सर्वसुलभ तथा गुणस्तरीय सेवाको लागि हामीलाई सम्झनुहोस् !
फोन : ०६१-४३०१९४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा हेर्न
www. goldennews. com.np

हार्दिक बधाई



श्री रामजी घिमिरे

यस धादिङ-पोखरा सम्पर्क समितिका आजीवन सदस्य श्री **रामजी घिमिरे**ज्यु ट्यावसी व्यवसाय समितिको हालै सम्पन्न महाधिवेशनबाट गरिमामय **कोषाध्यक्ष** पदमा निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँ लगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

बलराम खतिवडा (अध्यक्ष) एवं
धादिङ-पोखरा सम्पर्क समिति परिवार
पोखरा-४, रामकृष्णटोल

हार्दिक बधाई


रामचन्द्र शर्मा
अध्यक्ष


दिपकराज अधिकारी
प्रथम उपाध्यक्ष


हरि भुजेल
द्वितीय उपाध्यक्ष


विनय आचार्य
सचिव


इन्द्रमान चौहान
कोषाध्यक्ष


युवराज पोखरेल
सह-सचिव


सदस्य


किशन कुमारी गुरुङ
सदस्य


विश्वराज अधिकारी
सदस्य


श्यामकृष्ण शाप
सदस्य


धर्मराज पन्थी
सदस्य


कृष्णप्रसाद आचार्य
सदस्य

ट्रेकिङ्ग एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय संघको १३औं अधिवेशनबाट रामचन्द्र शर्मा (अध्यक्ष), दीपकराज अधिकारी (प्रथम उपाध्यक्ष), हरि भुजेल, (द्वितीय उपाध्यक्ष), विनय आचार्य (सचिव), इन्द्रमान चौहान (कोषाध्यक्ष), युद्दराज पोखरेल, (सह-सचिव,) तथा सदस्यहरुमा सुरेश लम्साल (एलेक्स), किसमकुमारी गुरुङ, विश्वराज अधिकारी, श्यामकृष्ण थापा, धर्मराज पन्थी, कृष्णप्रसाद आचार्य निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको कामना गर्दा ।

राजेश बमजन (अध्यक्ष) एवं
नेपाल हवाई खेलकूद संस्था (ना) परिवार
पोखरा-६, लेकसाइड

हार्दिक बधाई


हिरु पुन
अध्यक्ष


भिम पराजुली
उपाध्यक्ष


हेमलता लिम्बिलिना
सचिव


बेसराज्य रुपाई
सह-सचिव


मिना भुराई
कोषाध्यक्ष


नारायणहरि सुवेदी
सदस्य


रमेशराज गहारी
सदस्य


गंगा सालिझाने
सदस्य


सुजिता गहारी
सदस्य


प्रयाग बोगटी
सदस्य


रमा सालिझाने
सदस्य


हरिराज गहारी
सदस्य


कमला बस्नेत
सदस्य


सौन्दिप्त शरियार
सदस्य


धुरराज खराल
सदस्य


विन्दु गहारी
म.सदस्य


काशीराम भुराई
म.सदस्य


सारदा भुराई
म.सदस्य

सामुदायिक सेवा एवं सामुदायिक प्रहरी सेवा केन्द्र **बैशाख**को मिति २०७१ साउन २४ गते सम्पन्न भएको **१३ औं साधारण सभा तथा सातौं अधिवेशन**बाट सर्वसम्मत निर्वाचित हुनुभएका नवनिर्वाचित पदाधिकारीहरुको कार्यकालको पूर्ण सफलताको कामना गर्दै हार्दिक बधाई ज्ञापन गर्दछौं ।

कृष्णकुमार श्रेष्ठ (अध्यक्ष) एवं
इम्ब्रोइडरी गार्मेन्ट एशोसिएशन (एगा) परिवार
पोखरा, कास्की

सूचना ऐन कार्यान्वयनमा सरोकारवालाको जोड

गोल्डेन न्यूज संवाददाता

पोखरा ३ भदौ ।

आठौं राष्ट्रिय सूचना अधिकार दिवसको अवसरमा पोखरामा मंगलबार अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको छ । अन्तर्क्रियामा कास्कीस्थित विभिन्न सरकारी कार्यालयका सूचना अधिकारीहरुको सहभागिता थियो । सूचनाको हकसम्बन्धी ऐन कार्यान्वयन भएको ७ वर्ष भैसकेको अवस्थामा यसबारे समीक्षा तथा सरोकारवालासँग भएको अन्तर्क्रियामा कास्की जिल्लामा सूचनाको हकमा ऐनको पालना सन्तोषजनक रुपमा रहेको पाइयो । राष्ट्रिय सूचना आयोग र जिल्ला प्रशासन कार्यालय कास्कीको सहकार्यमा मानव विकास मञ्च नेपाल र सूचनाको हकका लागि नागरिक अभियानको संयुक्त आयोजनामा भएको सो कार्यक्रममा सरकारी कार्यालयका सूचना अधिकारीहरुले ऐन कार्यान्वयन गर्दै आएको र आगामी दिनमा पनि यसको पूर्णरुपमा पालना गर्ने प्रतिबद्धता जनाए । कार्यक्रममा बोल्दै कास्कीका सहायक प्रमुख जिल्ला अधिकारी चन्द्रकान्त गौतमले जिल्लाका हरेक सरकारी कार्यालयमा सूचनाको हक पूर्णरुपमा पालना गराउन आफू प्रतिबद्ध रहेको र सूचना अधिकारी नतोकिएका कार्यालयमा समेत परिपत्र गरी यसको कार्यान्वयनमा सघाउ पुऱ्याउने बताए । उनले अधिकार र कर्तव्य दुवै सँगसँगै जोडिएर आउने हुँदा सूचना माग गर्नेले पनि ऐनको बारेमा जानकारी लिएर सूचना माग गर्न आग्रह गरे । कास्कीका पहरी प्रमुख बसन्तकुमार लामाले सूचनाको सवालमा बढी क्रियाशील रहनुपर्ने उल्लेख गर्दै सूचना दिने सम्बन्धमा आफ्नो कार्यालय बढी संवेदनशील रहेको बताए । पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृत भलकराम अधिकारीले नगरपालिकाले गरेका काम कारबाहीहरु सेवाग्राहीसमक्ष जानकारी दिन पारदर्शिता अवलम्बन गरेको बताए । कार्यक्रममा मानवअधिकारकर्मी टेकनाथ बराल, जिल्ला विकास समिति कास्कीका योजना अधिकृत निशानराज गौतम, आन्तरिक राजश्व कार्यालय कास्कीका सूचना अधिकृत रहेका शाखा अधिकृत विजयराज लामिछाने, मालपोत कार्यालय कास्कीका सूचना अधिकृत ऋषिराम लामिछाने लगायतले आ-आफ्नो भनाइ राखेका थिए ।

तीज भड्किलो नबनाउ-प्रशासन

पोखरा ३ भदौ ।(गोल्डेन)

जिल्ला प्रशासन कार्यालय कास्कीले हिन्दू नारीहरुको महान् चाड हरितालिका तीजको समयमा महिलाहरुलाई बढी भड्किलो र तडकभडक मुक्त रुपमा मितव्यापी, अनुशासित र मर्यादित ढङ्गले मनाउनका लागि आग्रह गरेको छ । कास्की जिल्ला गत वर्ष नै भड्किलो तीज मुक्त जिल्ला घोषणा भइसकेको छ । विभिन्न संघसंस्थाहरुले पनि यो चाडलाई मनाउदाँ सामाजिक व्यवहार सुधार ऐन २०३३ अनुसार मनाउनका लागि जिल्ला प्रशासन कार्यालय कास्कीले सूचना प्रकाशित गरी अनुरोध गरेको हो । कुनै पनि संघसंस्थाले कानुन विपरीत तीजलाई भड्किलो बनाउने प्रयत्न गरे कानुन बमोजिम कारवाही गरिने पनि जिल्ला प्रशासनले सूचनामा प्रकाशित गरेको छ ।

मुटुरोगीहरूलाई खुशीको खबर

शहीद गंगालाल हृदयरोग केन्द्र काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ डा. मुरारी दुङ्गानाद्वारा उच्च रक्तचाप, मुटु हल्लिने, स्वाँ स्वाँ हुने, छाती दुख्ने, भारी हुने एन्जियोग्राम गरेको बिरामीहरू र एन्जियो पलास्ट गरेका बिरामीहरूलाई लाभ लिनुहुन अनुरोध गरिन्छ । साथै, ECG र ECO को पनि व्यवस्था छ । नयाँ तथा पुराना रोगीहरूले आफ्नो पुरानो सम्पूर्ण रिपोर्टसहित आउनुहोला ।

स्थान: अस्मानी फार्मेसी

(पुरानो चरक हस्पिटल अहिलेको गण्डकी मेडिकल कलेजको Opposite पश्चिमाञ्चल ईण्टल हस्पिटलसँगै)

मिति : २०७१ भदौ ७ गते, शनिबार

समय : बिहान ८:०० बजेदेखि बेलुका ३:०० बजेसम्म

सिट सीमित भएकोले तु-सम्पर्क गर्नुहोला ।

सम्पर्क:

०६१-५३४७४९, ९८४६०७४४८, ९८५६०३७४४९

हार्दिक बधाई



श्री बलराम खतिवडा

यस धादिङ-पोखरा सम्पर्क समितिका अध्यक्ष श्री **बलराम खतिवडा**ज्यू अन्तरसमाज महासंघ राष्ट्रिय समिति नेपालको तेस्रो महाधिवेशनबाट गरिमामय **तृतीय उपाध्यक्ष** पदमा सर्वसम्मत चयन हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँ लगायत कार्यसमितिका सम्पूर्ण पदाधिकारी एवं सदस्यहरूको कार्यकालको पूर्ण सफलताको कामना गर्दछौं ।

गोकर्ण लम्साल (वरिष्ठ उपाध्यक्ष) एवं

धादिङ-पोखरा सम्पर्क समिति परिवार

पोखरा-४, रामकृष्णटोल

हार्दिक बधाई


रामचन्द्र शर्मा
अध्यक्ष


दिपकराज अधिकारी
प्रथम उपाध्यक्ष


हरि भुजेल
द्वितीय उपाध्यक्ष


विनय आचार्य
सचिव


इन्द्रमान चौहान
कोषाध्यक्ष


युवराज पोखरेल
सह-सचिव


सुरेश लम्साल (एलेक्स)
सदस्य


किशन कुमारी गुरुङ
सदस्य


विश्वराज अधिकारी
सदस्य


श्यामकृष्ण थापा
सदस्य


धर्मराज पन्थी
सदस्य


कृष्णप्रसाद आचार्य
सदस्य

ट्रेकिङ् एजेन्सिज एसोसिएसन अफ नेपाल (टान) पश्चिमाञ्चल क्षेत्रीय संघको १३औं अधिवेशनबाट रामचन्द्र शर्मा (अध्यक्ष), दीपकराज अधिकारी (प्रथम उपाध्यक्ष), हरि भुजेल, (द्वितीय उपाध्यक्ष), विनय आचार्य (सचिव), इन्द्रमान चौहान (कोषाध्यक्ष), युवराज पोखरेल, (सह-सचिव,) तथा सदस्यहरुमा सुरेश लम्साल (एलेक्स), किसमकुमारी गुरुङ, विश्वराज अधिकारी, श्यामकृष्ण थापा, धर्मराज पन्थी, कृष्णप्रसाद आचार्य निर्वाचित हुनुभएकोमा **हार्दिक बधाई** ज्ञापन गर्दै उहाँहरुको कार्यकालको पूर्ण सफलताको कामना गर्दौं ।

कृष्णकुमार श्रेष्ठ (अध्यक्ष) एवं

इम्ब्रोइडरी गार्मेन्ट एशोसिएशन (एगा) परिवार

पोखरा, कास्की

आवश्यकता

यस **पोखरा बहुमुखी क्याम्पस पोखरा-९, नयाँबजार**मा तपसिलको विषयमा प्राध्यापकको आवश्यकता परेको हुँदा आफ्नो योग्यताका प्रमाणपत्र संलग्न राखी वैयक्तिक विवरण सहित क्याम्पस प्रशासनमा आवेदन गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

तपसिल

विषय	:	आमसञ्चार र पत्रकारिता
आवश्यक संख्या	:	१ जना
शैक्षिक योग्यता	:	सम्बन्धित विषयमा स्नाकोत्तर तह न्यूनतम द्वितीय श्रेणीमा उत्तीर्ण भएको हुनु पर्नेछ ।
छनौट प्रक्रिया	:	कक्षा अवलोकन र अन्तरवार्ता
आवेदन दस्तुर	:	रु. ५००/- (पाँचसय रुपैयाँ मात्र)
आवेदन दिने अन्तिम मिति	:	२०७१/०५/१० गतेसम्म (समय थप गरिएको)

शहीद गंगालाल हृदयरोग केन्द्र बाँसबारी काठमाडौंका वरिष्ठ मुटुरोग विशेषज्ञ पोखरामा

के तपाई लामो समयदेखि सुगर प्रेसरकै समस्याबाट पीडित हुनुहुन्छ ? कतै तपाईलाई मुटुको समस्या त भएको छैन ? मुटुरोग लागे औषधि नियमित खाइराख्नु भएको भए औषधिको मात्रा त मिलेको छ वा छैन ढुक्क रहन र प्रेसरको औषधि खाएर पनि प्रेसर कन्ट्रोल भएको छैन र जुन मुटु प्रेसर र सुगर रोग लाग्यो त्यहीं रोगसम्बन्धी विशेषज्ञलाई उपचार गराई ढुक्क रहन वरिष्ठ विशेषज्ञ **डा. श्यामराज रेग्मी** पोखरा आउँदै हुनुहुन्छ । स्वास्थ्य लाभ लिनुहोला ।

बिरामी जाँच	:	२०७१ भदौ ७ गते शनिबार
समय	:	बिहान ५ बजे देखि ३ बजे सम्म

सम्पर्क :

परिचित मेडिकल हल

पालिसेचोक, पोखरा, फोन : १८४६०४१४१४

Accounting & Banking Training

MATCOSC नै किन ?

बस क्षेत्रमा नै सबैभन्दा पहिलो विगत १२ वर्षदेखि Bank officer, Management Expert तथा Auditor हरबाट Accouting Banking सम्बन्धी १००% Practical Training दिइ Bank, Company, School, Business Firm, NGO आदिमा प्यारेन्टीका साथ Job गर्नका लागि ।

Manual Accounting:

❖Business Accounting (Hotel, Bank, NGO, School, Company)

❖VAT, Income Tax, Banking

Computrized Accounting:

❖Tally ERP.9, TATA E-X Next, Swastik & FINPRO

Orginal Tally Software, चाहिएमा सम्पर्क गर्नुहोस् ।

नोट : Tally सम्बन्धी समस्याको समाधान तथा तालिमको व्यवस्था ।

Free Admission, Certificate & Training Meterial

Contact :

MATCOSC

(Management Training & Consultant Service Centre)

Mahendrapool, pokhara (Tika Bhawan)

Ph. no: 061-540297, 9846384533

नागरिक पारदर्शिताका लागि सार्वजनिक सूचना

योजनाको नाम : **वि.पि. चोकबाट सिद्धार्थचोकसम्म पिच बाटो पुनर्निर्माण योजना**

स्थान : **पोखरा उपमहानगरपालिका वडा नं. ४, ८, ९ चिप्लेढुंगा**

नगरपालिकासंगको सम्झौता मिति : **२०७१ जेठ २५ गते**

योजना शुरु मिति :	२०७१ जेठ २९ गते
योजना सम्पन्न मिति :	२०७१ असार २५ गते
जनसहभागिता रकम :	रु. ३,६१,३००।-
नगरपालिकाबाट सहयोग :	रु. ३,६१,२११।-
सडक बोर्ड नेपाल	रु. १६,९०,३२१।-
योजनाको कुल बजेट :	रु. २४,१३,८३३।-
सम्पन्न हुँदाको लागत	रु. २५,१८,८११।-

उपभोक्ता समिति : चिप्लेढुङ्गा पश्चिम सडक उपभोक्ता समिति

अध्यक्ष : हरि प्रसाद पराजुली

वि.पि. चोकबाट सिद्धार्थचोकसम्म पिच बाटो पुनर्निर्माण योजना

पोखरा उपमहानगरपालिका वडा नं. ४, ८, ९ चिप्लेढुंगा

काठमाडौंका डाक्टर स्पार्क हस्पिटलमा

काठमाडौंका दुखाइ तथा प्यारालाइसिस विशेषज्ञ डा.सुनिल पौडेल प्रत्येक महिनाको पहिलो शनिबार र यसपटक भदौं ७ गते यसै हस्पिटलमा आउनुहुने भएकाले समयमै सम्पर्क राख्नुहुन अनुरोध गरिन्छ ।

उपचार हुने रोगहरु : प्यारालाइसिस, मुख बाङ्गिने, शरीरको एक वा दुवै भाग नचल्ने, हात खुट्टा झनझनाउने, पोल्ने, नशा तथा हड्डिका समस्याहरु । ढाड, कम्मर तथा गर्दन दुख्ने। डिस्क प्रोल्याप्स, हड्डि खिइएको, नशा च्यापिएको, वाथ, अर्थराइटिस, घुँडाका जोर्नीहरु दुख्ने, युरिक एसिड बढेको, टाउको दुख्ने, तनाव, अनिद्रा, पिनाश, पायल्स, अप्रेशन पछि शरिर फिजियोथेरापि ।

स्पार्क बि. एण्ड डि. हस्पिटल

सभागृहचोक, पोखरा-सभागृहको ठीक अगाडि (नबिल बैंक पछाडि)

फोन : ०६१-५२१४०८, ९८४६०३८३८४

स्वास्थ्य मन्त्रालयबाट स्वीकृति प्राप्त पोखराको प्रथम र एकमात्र प्राकृतिक चिकित्सा, फिजियोथेरापि तथा रिह्याबिलिटेशन अस्पताल



सुनौलो पब्लिकेशन्स प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि कार्यकारी अध्यक्ष गंगाधर पराजुली, निर्देशक हरिमणि बराल, सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा -सुनौलो भवन), पोखरा, फोन:०६१-५३९४५५, फ्याक्स : ५२२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा